बैठक संख्या:६/२०८१/०८२
बैठक मिति: २०८१/१०/०१
समय: बिहान ११:३० बजेदेखि
स्थान: सुनछहरी गाउँपालिका, बैठक कक्ष।

सुनछहरी गाउँपालिका अध्यक्ष श्री धनबहादुर पुन मगर ज्यूको अध्यक्षतामा र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो।

उपस्थिति बिबरण:

| क्र.स. | नाम थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १. | धनबहादुर पुन मगर | अध्यक्ष | | |
| २. | ननकला घर्ती | उपाध्यक्ष | | |
| ३. | अमरजित पुनमगर | ६ नं वडाध्यक्ष | | प्रवक्ता |
| ४. | धनीमान रोका | १ नं. वडा अध्यक्ष | | |
| ५. | कृष्ण बहादुर बुढा | २ नं वडा अध्यक्ष | | |
| ६. | उड्बीर घर्तीमगर | ३ नं वडा अध्यक्ष | | |
| ७. | हर्कराम बुढामगर | ४ नं वडा अध्यक्ष | | |
| ८. | देविलाल रोका मगर | ५ नं वडा अध्यक्ष | | |
| ९. | राज बहादुर रोकामगर | ७ नं वडा अध्यक्ष | | |
| १०. | निरमला पुन | म. सदस्य | | |
| ११. | अनिषा विष्ट | म. सदस्य | | |
| १२. | वाना राना मगर | म. सदस्य | | |
| १३. | दिपा घर्ती मगर | म. सदस्य | | |
| १४. | मन बहादुर वि.क | द. सदस्य | | |
| १५. | पूर्ण गोतामे | द. सदस्य | | |
| १६. | प्रेम बहादुर घर्ती | सदस्य- सचिव | | |

अन्य उपस्थिति:

| क्र स | नामथर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | दया बहादुर बुढा मगर | सहायक पाँचौ | | |
| २ | मनिस सुनार | लेखापाल | | |
| ३ | कालु पुन | का.स. | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

प्रेम बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

छैठौं कार्यपालिका बैठकका कार्यसूचीहरु:

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा।
२. करार कर्मचारीहरुको करार अवधि थप सम्बन्धमा।
३. कार्यविधि पारित सम्बन्धमा।
   क. स्थानीय पूर्वाधार मर्मत सम्भार कोष व्यवस्थापन तथा संचालन कार्यविधि, २०८१
   ख. स्थानीय पूर्वाधार संचालन तथा व्यवस्थापन निर्देशिका, २०८१
   ग. संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०८१
   घ. गुनासो सम्बोधन तथा सुझाव व्यवस्थापन कार्यविधि, २०८१
४. विस्तृत स्वास्थ्य गुरुयोजना २०८१ पारित सम्बन्धमा।
५. अनियमित बेरुजु नियमित गर्ने सम्बन्धमा।
६. रकमान्तर तथा संशोधन सम्बन्धमा।
७. सार्वजनिक सुनुवाई सम्बन्धमा।
८. कृषि अनुदान कार्यक्रम प्रस्तावना छनौट सम्बन्धमा।
९. सुनछहरी गाउँपालिकाको नाम परिवर्तन सम्बन्धमा।
१०. GESI AUDIT, LISA र FRA मा आ.व. २०८०/८१ मा प्राप्त अंक अनुमोदन सम्बन्धमा।
११. पर्यटन पर्वद्धन सम्बन्धी योजना कार्यान्वयन सम्बन्धमा।
१२. कृषि विकास सम्बन्
१३. विविध सम्बन्धमा।

निर्णयहरु:

| निर्णय क्रम संख्या | निर्णयको व्यहोरा | निर्णय कार्यन्वयनमा जिम्मेवार शाखा/निकाय/पक्षहरु | कै. |
|---|---|---|---|
| १ | मिति २०८१।०९।२४ गते ६ औ कार्यपालिका बैठकका निर्णयहरुको कार्यन्वयनको अवस्थामा समीक्षा गरियो। | प्रमुख प्रशासकीय अधिकृत | |
| २ | सुनछहरी गाउँपालिकाअन्तर्गत विभिन्न शाखा, वडा तथा स्वास्थ्य चौकिहरुमा कार्यरत करार कर्मचारीहरुको मिति २०८२ असार मसान्तसम्मका करार अवधि नविकरण गर्ने। | प्रमुख प्रशासकीय अधिकृत<br>प्रशासन शाखा | |
| ३ | तपसिल बमोजिमका कार्यविधि/निर्देशिकाहरु पारित गर्ने।<br>क. स्थानीय पूर्वाधार मर्मत सम्भार कोष व्यवस्थापन तथा संचालन कार्यविधि, २०८१<br>ख. स्थानीय पूर्वाधार संचालन तथा व्यवस्थापन निर्देशिका, २०८१<br>ग. संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०८१<br>घ. गुनासो सम्बोधन तथा सुझाव व्यवस्थापन कार्यविधि, २०८१ | कार्यपालिका/प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | सुनछहरी गाउँपालिकाको विस्तृत स्वास्थ्य गुरुयोजना, २०८१ पारित गर्ने र कार्यान्वयन गर्ने। | कार्यपालिका | |
| ५ | आ.व. २०८०/८१ महालेखा परीक्षकको अन्तिम लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा देखिएका अनियमित बेरुजुहरु जम्मा रु.१२,८४५,५१६ अक्षेरुपी एक करोड अट्ठाइस लाख पैतालिस हजार पाँचसय सोह्र नियमित गर्ने प्रयोजनार्थ सभामा निणयार्थ पेश गर्ने: | लेखा समिति / कार्यपालिका/सभा | |

| प्रारम्भिक प्रतिवेदनको क.स. | अनियमित भएको कारण | नियमित गर्नुपर्ने कारण |
|---|---|---|
| १८.२ | पालिकाले पालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ | नेपालको संविधान र स्थानीय सरकार |

प्रेम बहादुर घर्ता
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | को दफा ८३ (८) भन्दा विपरीत हुने गरी पालिकाले लाभ लागत तथा आवश्यकताको विश्लेषण नगरी पालिकाको स्वीकृत दरबन्दीमा नभएको २ जना आँखा केन्द्रमा काम गर्ने कर्मचारीलाई करारमा नियुक्त गरी वार्षिक रुपमा रु.७३१४९० खर्च गरेको छ । पालिकाको स्वीकृत दरबन्दी भन्दा बाहिरी पदमा करार नियुक्त गरी भुक्तानी गरी अनियमित भएको रु. ७,३१,४९०। | संचालन ऐन बमोजिम जनताको आधारभूत आवश्यकता परीपूर्ति गर्नुपर्ने दायित्व स्थानीय सरकारको भएको र सो आवश्यकता परीपूर्ति गर्नेक्रममा आँखा उपचार केन्द्र स्थापना गरी २ जना कर्मचारीहरुलाई तलब भत्ता खुवाउदै आएको अवस्था छ। तर सो तलब भत्ता खुवाउदा स्रोतको दुरुपयोग नभएको र आगामी आव मा संगठन सर्वेक्षण(O&M) गरी थप व्यवस्थित गराउने । | |
| ३५ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ अनुसार सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार रु.२० लाख रुपैयासम्म लागत अनुमान भएको खरिद कार्य गर्न ऐनको दफा ४० बमोजिम सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले आवधिक पञ्चवर्षिय योजना ५०० थान छपाई गरेवापत आर.के.एस. प्रिन्टिङ प्रेसलाई गो.भौ.नं. १८०/२०८०/९/१९ बाट रु.४८८९००, ११ वटा विधालयमा मगर खाम भाषा अध्ययन गराउने हेतुले स्थानीय विषय अन्तर्गत मगर खाम भाषाका कक्षा १ को पाठ्यपुस्तक (१४०० थान गेमी सुनछहरी किताव र पाठ्यक्रम आधारभूत तह ६० थान) छपाई वापत कानून प्रिन्टिङ प्रेसलाई गो.भौ.नं. ७/२०८०/६/९ बाट रु.३९९९९१ र स्थानीय विषय अन्तर्गतका मगर खाम भाषाका कक्षा २ र ३ को पाठ्यक्रम छपाई तथा वितरण वापत याङजी प्रेस (गेमी सुनछहरि पाठ्यपुस्तक कक्षा १ को लागि ५३५ थान, कक्षा २ को लागि ७०० थान र कक्षा ३ को लागि ५६५ थान) लाई गो. भौ.नं. ६७४/२०८१/३/२० बाट रु. ९६५७७९ गरी छपाई कार्यको लागि छुट्टा छुट्टै मूल्य सूची माग गरी कुल रु.१८५४६७० खर्च गरेको छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ अनुसार १० लाखभन्दा बढी २० लाखसम्मको मालसामान खरिद गर्दा सिलबन्दि दरभाउपत्रअनुसार खरिद गर्नुपर्नेमा पालिकाले टुक्रा टुक्रा पारि सोझै खरिद गरेको रु. १८५४६७० | अब उप्रान्त सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ अनुसार १० लाखभन्दा बढी २० लाखसम्मको मालसामान खरिद गर्दा सिलबन्दि दरभाउपत्रअनुसार वा सार्वजनिक खरिद ऐन नियमावली बमोजिम गर्न प्रतिबद्धता व्यक्त गर्ने। सम्परीक्षणका लागि पेश गर्ने । | |
| ४२.२ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ (८) मा गैरसरकारी संस्थाबाट काम गराउनको लागि नियम ७० बमोजिम आशयपत्र माग गर्नुपर्ने र नियम ७० मा २० लाख भन्दा बढीको परामर्श सेवा खरिद गर्न खरिद ऐन, २०६३ को दफा ३० बमोजिम आशय पत्र संकलन गर्नुपर्ने र त्यसको लागि पर्न आएका आशय पत्रदाताबाट साधारणतया ३ देखि ६ आशयपत्र दाताको सूची तयार गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३१ मा सूचीमा समावेश भएका आशयपत्रदातासँग ३० दिनको सूचना दिई प्राविधिक एवं आर्थिक प्रस्ताव माग गर्नुपर्ने गुणस्तर र लागत विधि वा न्यून लागत विधिवाट छनौट गर्ने व्यवस्था छ । गाउँपालिका हेफरप्रोजेक्ट नेपालले पेश गरेको प्रस्तावको आधारमा सम्झौता गरी प्रचलित खरिद कानुनको पालना नगरी आर्थिक बर्ष २०८०।८१ मा खर्च लेखेको रु.८५४९६२२ नियमसम्मत नदेखिएको हुँदा पालिकाले खरिद कानून अनुसार कार्य गर्नुपर्दछ । | नेपालको संविधानले स्थानीय सरकारलाइ दिएको अधिकार अन्तर्गत रहेर सुनछहरी गाउँपालिकाले साझेदारी कार्यक्रम संचालन सम्बन्धी कार्यविधि २०७९ पारित गरी कृषि तथा पशुक्षेत्रको विकास गरी आत्मनिर्भर हुने हेतुले प्रस्ताव आव्हान गरी हेफर प्रोजेक्ट नेपालसँग कार्य अगाडी बढाएको देखिन्छ। यसकारण उक्त प्रोजेक्टसँग साझेदारी कार्य अगाडी बढाउदा सरकारी स्रोतको कुनै दुरुपयोग नभएको र ग्रामीण जनताको आर्थिक जीवनस्तर उकास्नमा यसले सहयोग पुऱ्याएकोले समपरीक्षणका लागि पेश गर्ने । | |
| ४४ | प्राङ्गारिक कृषि उत्पादन क्षेत्र विकास कार्यक्रम | अब उप्रान्त उल्लेखित शिर्षकमा आएको | |

प्रेम बहादुर घर्ता
प्रमुख प्रशासकीय अधिकृत

सुनछहरी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पोवाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

| | | |
|---|---|---|
| | लुम्बिनी प्रदेश कृषि तथा भूमि व्यवस्था मन्त्रालयद्वारा जारी कार्यविधि अनुसार प्राङ्गारिक कृषि उत्पादन क्षेत्र विकास कार्यक्रमको लागि स्थानीय तहले प्राविधिक मापदण्ड र कार्यदल बनाई उपयुक्त स्थान छनौट गर्ने, कम्तीमा १५ घरधुरी समेटी कृषि समूह मार्फत प्राङ्गारिक खेती, उत्पादन, प्रमाणिकरण, बजारीकरण गतिविधिहरु, क्षमता अभिवृद्धि तथा प्रचारप्रसार र भकारो सुधार तथा बिऊ बेर्ना लगायत सिंचाई जस्ता क्रियाकलापको लागि सामुदायिक पूर्वाधार निर्माणमा ७५ प्रतिशत, यन्त्र उपकरण तथा अन्य सामाग्रीमा अधिकतम ५० प्रतिशत र क्षमता अभिवृद्धि कार्यक्रममा अधिकतम १० प्रतिशतसम्म खर्च गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले माथि उल्लेखित मापदण्ड अनुसार समूह छनौट गरी आवश्कताको पहिचान अनुसार लागत अनुमान तयार गरी कृषक समूहलाई कार्यक्रम संचालन गर्न कायदिश दिनुपर्नेमा कृषि तथा पशुपंछि समूहले निर्णय गरी विभिन्न बिऊ विजन खरिद, भकारो सुधार, सिंचाई व्यवस्यापन, जैविक विषादी र क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरेको भनी गो. भौ.नं. ९/२०८१/३/२२ बाट कार्य विपरीत हुने गरी रु. १० लाख भुक्तानी गरी अनियमित भएको रु. १०००००० | बजेट खर्च गर्दा कार्यविधि अनुरुप गर्न प्रतिवद्धता व्यक्त गर्ने साथै केहि ऐन नियम को पालनामा पालिकाको रुची हुँदाहुँदै पनि कार्यविधिमा रहेको दुविधाका कारण यो समस्या आएको तरपनि उल्लेखित अनुसारको बजेट खर्चले सरकारी स्रोतको हानी नोक्सानी नभएको देखिएकोले सम्परीक्षण गरी नियमित गराउनुपर्ने । |
| ६५ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मातहतको प्रधानमन्त्री रोजगार कार्यक्रमको च.नं. ३६५, मिति २०८०।११।१४ को परिपत्र अनुसार प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना अन्तर्गत कार्यान्वयन हुने कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना निर्माण तथा मर्मत आयोजनाको गुणस्तर कायम राख्न आवश्यक पर्ने दक्ष श्रमिक, निर्माण सामाग्री लगायतका अन्य सामाग्रीहरु प्रचलित दररेट बमोजिक स्थानीय तहको स्रोतबाट बेहोर्ने गरी लागत साझेदारी गरी आयोजना संचालन गर्न सकिने व्यवस्था उल्लेख छ । पालिकाले निम्नानुसारको योजनामा माटो खन्ने काममा १ घ.मि. मा प्लान्ट्स एण्ड इक्युप्मेन्ट वापत रु. १४.०३ र सुख्खा गारो निर्माणको लागि १ घ. मि. ढुङ्गाको लागि रु.२२९६ र दक्ष श्रमिकलाई रु.६६८ का दरले परिपत्रविपरित भुक्तानि दिएको रु. ७०९७३४ (मुङ्गिबाङ पुलफेद देखि नयाँ गाउँ मा.बा. निर्माण योजना र चङ्गाधारा पोवाङ् खोरेसम्म गो.बा. मर्मत सिडि निर्माण) | अब उप्रान्त उल्लेखित शिर्षकमा आएको बजेट खर्च गर्दा कार्यविधि अनुरुप गर्न प्रतिवद्धता व्यक्त गर्ने साथै केहि ऐन नियम को पालनामा पालिकाको रुची हुँदाहुँदै पनि कार्यविधिमा रहेको दुविधाका कारण यो समस्या आएको तरपनि उल्लेखित अनुसारको बजेट खर्चले सरकारी स्रोतको हानी नोक्सानी नभएको देखिएकोले सम्परीक्षण गरी नियमित गराउनुपर्ने । |

६.

**सुनछहरी गाउँपालिका भित्र शुद्ध रुपमा बालविकास मात्रै संचालनमा रहेका बाल विकास केन्द्रहरु(नमूना बालविका सुनछहरी ७ डम्फू, लार्मी बाल विकास केन्द्र वडा नं २, सुन्दर सुनछहरी बालविकास सुनछहरी ४) मा आवश्यक सरसमान सहयोग गरिदिनका लागि सिफारिस गर्ने।**

आर्थिक विकास समिति संयोजक/ सभा

<u>पालिका तर्फ</u>

| क्र.स. | साविक बजेट शिर्षक | कुल विनियोजित बजेट रु. | घटाउनु पर्ने रकम रु. | कायम हुने बजेट शिर्षक | कायम हुने बजेट रु. |
|---|---|---|---|---|---|
| १ | संघको साझेदारी विद्यालय भवन निर्माण | ४००००००। | ४०००००० | ने.मा.वि. स्युरीको फिल्ड निर्माण | २७०००००। |
| | | | | नमूना मावि कसला भवन मर्मत | ३०००००। |
| | | | | वडा नं २ को कार्यालयमा शोचालय निर्माण | २०००००। |
| | | | | जनसेवा मावि सेरम घेरावार | ८०००००। |
| २ | त्रिगाउँपालिका स्तरिय | १००००००। | १००००००। | स्वास्थ्य गुरुयोजना निर्माण | ६५००००। |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | फार्मेसी संचालन | | | गाउँ शिक्षा योजना निर्माण थप | १५००००। |
| | | | | Wash Plan तथ्यांक अद्यावधिक | १०००००। |
| | | | | जेलवाङ स्वास्थ्य चौकि खानेपानी जडान | १०००००। |
| ३ | मोटर साइकल खरिद | १९०००००। | १९०००००। | पुँजिगत परामर्श | १६०००००। |
| | | | | सडक बोर्डको साझेदारीमा पोवाङ पालिका सडक मर्मत | २५००००। |
| | | | | पाइप खरिद | ५००००। |
| ४ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | २०००००। | १०००००। | पाइप खरिद | २०००००। |
| ५ | एकिकृत घुम्ती सेवा संचालन खर्च | १०००००। | १०००००। | | |
| ६ | वडास्तरिय महिला विकास समिति गठन | २८००००। | २८००००। | महिला बालबालिका तथा अपाङ्ग संजाल गठन कार्यक्रम साथै शान्ति सुरक्षा १३२५ र १८२० को विषय लगायत अन्तराष्ट्रिय बाल अधिकार महासन्धी १९८९ को विषयमा अभिमुखिकरण | २७००००। |
| | | | | लैङ्गिक कोष संचालन | १०००००। |
| ७ | किशोरीसँग उपाध्यक्ष कार्यक्रम | ६०००००। | २५००००। | विद्यालयहरुमा छात्र छात्राहरुको आँखा स्वास्थ्य परीक्षण | २५००००। |
| जम्मा | | | ७६३००००। | जम्मा | ७६३००००। |

<u>वडा तर्फ</u>

| वडा नं. | साविक बजेट शिर्षक | कुल विनियोजित बजेट रु. | घटाउनु पर्ने रकम रु. | कायम हुने बजेट शिर्षक | कायम हुने बजेट रु. |
|---|---|---|---|---|---|
| २ | झेलगुङ सिंढी बाटो निर्माण योजना | ४०००००। | ४०००००। | रामथाला देखी झिङरुङ छेडा सम्म गोरेटो बाटो निर्माण योजना | ४०००००। |
| | आधारभुत स्वास्थ्य सेवा केन्द्रको लागि प्रिन्टर खरिद । | ३५०००। | ३५०००। | भुलुङचुङ सामाजिक भवन तथा स्वास्थ्य संस्थाहरुमा वाईरिङ | ३५०००। |
| | नारी दिवस तथा अपाङ्गता दिवस संचालन कार्यक्रम र | ७५०००। | ७५०००। | पालिका स्तरिय युवा खेलकुद प्रतियोगिता कार्यक्रममा खेलाडी सहभागिताका लागि व्यवस्थापन खर्च | १००००००। |
| | छुवाछुत सम्बन्धी सचेतनामुलक कार्यक्रम | २५०००। | २५०००। | | |
| | किसानहरुसँगको साझेदारीमा किवीको विरुवा खरिद तथा वितरण कार्यक्रम | १२५०००। | १२५०००। | वडा कार्यालयको लागि फर्निचर तथा फिक्चर्स खरिद थप | २५०००। |
| | | | | किसानहरुलाई किवीको विरुवा खरिद तथा वितरण कार्यक्रम | १०००००। |
| ३ | साविक ५ नं टोल भवनको फिल्ड, खानेपानी र घेराबार निर्माण | ३०००००। | ३०००००। | धाम्से आमा समूह भवनको धारा र फिल्ड निर्माण योजना | ३०००००। |
| | बर्गोदेखि ठुलोमिरसम्म गोरेटो बाटो निर्माण योजना | ३०००००। | ३०००००। | ठुलो बरवाङ-मालिङ्गुङ-बर्गो जोड्ने मोटर बाटो | ३०००००। |
| | सुनौलो हजार दिनको आमा र कक्षा ९/१०का विद्यार्थीलाई उन्नत जातको कुखुरा खरिद तथा वितरण कार्यक्रम | १०००००। | १०००००। | स्याङखोला मोटेरेबल पुलको DPR माटो परीक्षण | २०००००। |
| | कार्यालय संचालनको लागि विविध खर्च | १५००००। | १०००००। | | |
| | | | ५०००। | गाउँघर क्लीनिक को लागि फर्नीचर खरिद तथा वितरण | ४००००। |
| | मौलावन गाउँघर क्लीनिक को | २५०००। | २५०००। | | |

प्रेम बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | लागि फर्नीचर खरिद | | | | |
| | लैङ्गिक हिंसा न्यूनिकरणको लागि मदिरा न्यूनिकरण कार्यक्रम | ५००००। | १००००। | | |
| | | | ४००००। | विद्यालयको लागि आवश्यकताको आधारमा फर्नीचर खरिद वितरण | ४००००। |
| | विद्यालय तथा गाउँघर क्लीनिक लाई फर्नीचर तथा कार्पेट खरिद वितरण | १०००००। | १०००००। | रिजावन सामुदायिक भवन निर्माणका लागि सामाग्री खरिद तथा वितरण | १०००००। |
| ४ | सर्वोत्तम पिठो बनाउने भान्सा घरको लागी जस्तापाता र जाली खरिद तथा वितरण योजना। | १०००००। | १०००००। | सर्वोत्तम पिठो बनाउने भान्सा घर र तटबन्धन निर्माण योजना | १०००००। |
| | जनता र गर्भवती महिलाहरु सँग जनप्रतिनिधी भेटघाट कार्यक्रम | ५००००। | ५००००। | जनता सँग जनप्रतिनिधी भेटघाट कार्यक्रम सुत्केरी महिलालाई पोसिलो खाधवस्तु वितरण कार्यक्रम | ५००००। |
| | पूर्ण सरसफाइ उन्मुख घोषणा कार्यक्रम | ११५०००। | ११५०००। | पूर्ण सरसफाइ सम्बन्धी कार्यक्रम | ११५०००। |
| | शिद्ध आवि झिन्जामा बालविकास कक्षाका लागि फर्नीचर तथा सामाग्री खरिद वितरण तथा भित्ते लेखन | १५००००। | १५००००। | शिद्ध आवि झिन्जामा बालविकास कक्षाकोठा व्यवस्थापन निर्माण योजना | १५००००। |
| ५ | युवा लक्षित कार्यक्रम | १५००००। | १५००००। | प्रत्येक टोलमा सरसफाई कार्यक्रम | १५००००। |
| ६ | कुपोषित बच्चा खोज तथा व्यवस्थापन। | ५००००। | ५००००। | फगाम स्वास्थ्य संस्थाको लागि फ्रिज खरिद | ५००००। |
| | टोल विकास संस्थाका लागि क्षमता विकास तालिम। | १०००००। | १०००००। | वडा कार्यालयको लागि फर्निचर तथा फिक्चर्स खरिद। | १०००००। |
| ७ | महिला स्वास्थ्य स्वयंसेविका खाजा खर्च र नून वितरण कार्यक्रम | १०००००। | १०००००। | महिला स्वास्थ्य स्वयंसेविका खाना, खाजा खर्च र नून वितरण कार्यक्रम | १०००००। |
| | जम्मा | | २४५५००० | जम्मा | २४५५०००। |

| | | | |
|---|---|---|---|
| ७ | चालु आव २०८१/८२ को अर्धवार्षिक सार्वजनिक सुनुवाई मिति २०८१ माघ २३ गते गाउँपालिकाको केन्द्र पोवाङ्गमा गर्ने। | प्रमुख प्रशासकीय अधिकृत | |
| ८ | आर्थिक विकास समितिको मिति २०८१/१०/०८ गते को निर्णयानुसार पशु शाखा मार्फत संचालन हुने बाख्रा पर्वद्धन र कृषितर्फ स्याउ/ओखर पकेट र फलफूल खेति पर्वद्धन कार्यक्रम मा प्रस्तावना आव्हान भएकोमा तपसिलबमोजिमका प्रस्तावनाहरुलाइ स्वीकृत.गरेकोमा उक्त निर्णय अनुमोदन गरी कार्यान्वयन गर्ने।<br>तपसिलः<br>पशुतर्फ<br>क. टिकाचुलि बाख्रापालन कृषक समुह सुनछहरी गा . पा १ सेरम, घुसबाङ।<br>ख. तिलाचन बाख्रापालन कृषक समुह सुनछहरी गा .पा १ सेरम, घुसबाङ।<br>ग. तङनाङ बाख्रापालन कृषक समुह सुनछहरी गा . पा १ सेरम, घुसबाङ।<br>कृषि तर्फः<br>क. स्याउ पकेटः रातामाटा बहुउदेश्यीय कृषक समुह सुनछहरी ३ बाहिरी गाम<br>ख. ओखर पकेटः जनउदेश्यीय कृषक समुह सुनछहरी ७ खिबाङ<br>ग. फलफुल खेति प्रवर्द्धनः गेमि कृषि तथा पशुपंछी फर्म सुनछहरी गा.पा ७ मिझाखोर र अनुस फलफुल तथा नर्सरी फर्म सुनछहरी गा.पा ५ माबाङ | कृषि/पशु शाखा | |
| ९ | गाउँसभाको १६ अधिवेशनबाट सुनछहरी गाउँपालिका को नाम परिवर्तन गरी मगरात साँस्कृतिक स्वायत्त सुनछहरी गाउँपालिका राख्न निर्णय सर्वसम्मत पारित भएकोमा नाम परिवर्तनका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सिफारिस गर्ने। | प्रमुख प्रशासकीय अधिकृत | |

प्रेम बहादुर घर्ती
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| १० | आ.व. २०८०/८१ मा GESI AUDIT मा ७० अंक, LISA मा ८८.५ अंक र FRA ८६.५ अंक लाई अनुमोदन गरी सभालाई जानकारी गराउने। | प्रमुख प्रशासकीय अधिकृत | |
| ११ | चालु आ. व. २०८१/८२ मा कार्यान्वयन हुने पर्यटन पर्वद्धन सम्बन्धी आयोजना विवाङ दह संरक्षण तथा पर्यटकीय पूर्वाधार निर्माण योजना, सुनछहरी झरना पार्क व्यवस्थापन र बुजुधुरी शहिद गणतन्त्र स्मारण निर्माण योजना उपभोक्ता समितिमार्फत कार्यान्वयन गर्ने। | पूर्वाधार / योजना शाखा | |
| १२ | कृषि विकास सम्बन्धी कार्यक्रमहरु संचालन निर्देशिका, २०७७ को तपसिलका दफामाहरु संशोधन कायम गर्ने:<br>परिच्छेद २ को दफा ५ (छ)भएको ५० प्रतिशत को सट्टा ७५ प्रतिशत कायम गर्ने।<br>परिच्छेद २ को दफा ५(ण) मा भएको ५० प्रतिशतको सट्टा ७५ प्रतिशत कायम गर्ने।<br>परिच्छेद २ दफा ८ (ख) मा भएको ५० प्रतिशतको सट्टा ७५ प्रतिशत कायम गर्ने। | | |
| १३ | विविध सम्बन्धमा देहायबमोजिम निर्णयहरु गरियो। | | |
| क | न्यायिक समिति मार्फत प्रत्येक वडाहरुमा मेलमिलाप केन्द्रहरु माघ मसान्तसम्म गर्ने। | न्यायिक समिति | |
| ख | नेरामावि फगाम को विव्यस को निर्णयअनुसार मावि अङ्ग्रेजी विषय परिवर्तन गरी नेपाली विषय कायम गर्ने। | शिक्षा शाखा | |
| ग | सुनछहरी गाउँपालिका स्तरिय खाद्य पसल पोवाङमा राख्ने सिफारिस गर्ने। | उद्यम विकास शाखा | |
| घ | सशस्त्र प्रहरी कार्यालय रोल्पाले आवश्यक सामाग्री माग गरेकोमा उक्त कार्यालयले खरिद गरेको सामाग्रीहरु भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने। | जिन्सी शाखा | |
| ङ | इलाका प्रहरी कार्यालय पोवाङ जिर्ण हुँदै गएको र गाउँपालिकाका प्राविधिकले गरेको लागत अनुमानको आधारमा सिफारिस गरिदिने। | प्राविधिक/योजना शाखा | |
| च | सुनछहरी गापा वडा नं २ भित्रिगाम भुलुङ्चुङ बस्ने कर्णवीर घर्तीमगरको नाति जमान घर्तीमगरको छोरा खिम बहादुर घर्तीमगरको दर्ता श्रेस्ता कायम रहेको ऐऐ स्थानको जग्गा कि.नं. २५२६ क्षेत्रफल ४१४५ वर्ग मिटरबाट कित्ता काट गरी १३५ वर्ग मिटर रु ५०००० अक्षेरुपी पचासहजार मात्र मा भुलुङचुङ सामुदायिक भवनको नामको खरिद भएकोले उक्त सामुदायिक भवनको नाममा नामसारी गर्न मालपोत कार्यालयमा सिफारिस गर्ने। | प्रशासन शाखा | |
| छ | फागुन १ गतेलाई खेलकुद महोत्सवको रुपमा मनाउने भएकोले फागुन १ गतेलाई सुनछहरी गाउँपालिका भित्रका सार्वजनिक संस्थाहरुमा कार्यरत कर्मचारीहरुलाई स्थानीय विदा दिने। | प्रशासन शाखा | |
| ज | पुँजिगत परामर्शबाट खर्च लेख्ने गरी सुनछहरी गाउँपालिकाको सड्क गुरुयोजना र भवन सम्बन्धी मापदण्ड तयार गर्न प्रक्रिया अघि बढाउने। | प्राविधिक शाखा | |

सुनछहरी गाउँपालिका
गाउँपालिकाको कार्यालय
पोवाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत